नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

पत्र संख्याः ०८२/८३/१/क.प्र.
च.नं.: ३२

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

रामशाहपथ
काठमाडौं, नेपाल

मिति २०८२/०६/२४

विषयः रमाना सम्बन्धमा।

श्री पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा।
श्री चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं।
श्री स्वास्थ्य सेवा विभाग, टेकु।
श्री आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, टेकु।
श्री औषधि व्यवस्था विभाग, काठमाडौं।
श्री चि.बि.रा.प्र., राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौं।
श्री चि.बि.रा.प्र. वीर अस्पताल नर्सिङ क्याम्पस, काठमाडौं।
श्री राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, टेकु ।
श्री राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकु।
श्री राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु।
श्री राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, भक्तपुर।
श्री राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकु।
श्री नारायणी अस्पताल, वीरगंज।
श्री भरतपुर अस्पताल, चितवन।
श्री मानसिक अस्पताल, ललितपुर।
श्री भेरी अस्पताल, नेपालगंज।
श्री कोशी अस्पताल, विराटनगर।
श्री डडेल्धुरा अस्पताल, डडेल्धुरा।
श्री आयुर्वेद चिकित्सालय, नरदेवी।
श्री परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथली।
श्री कान्ति बाल अस्पताल, काठमाडौं।
श्री किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र, हेटौंडा।
श्री राष्ट्रिय औषधि प्रयोगशाला, विजुलीबजार।
श्री गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज।
श्री शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकु।
श्री पशुपति होमियोप्याथिक चिकित्सालय, ललितपुर।
श्री केन्द्रीय कारागार अस्पताल, काठमाडौं।
श्री औषधि व्यवस्था विभाग, शाखा कार्यालय, विराटनगर।
श्री औषधि व्यवस्था विभाग, शाखा कार्यालय, वीरगंज।
श्री औषधि व्यवस्था विभाग, शाखा कार्यालय, नेपालगंज।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/०६/२१ को निर्णयानुसार स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतमा सरुवा भएका/कामकाजमा खटिएका कर्मचारीहरुलाई ७ (सात) दिन भित्र सरुवा भएको/कामकाजमा खटाइएको स्थानीय तहमा हाजिर हुन जाने गरी रमाना दिई पठाउने पत्राचार भएको हुदाँ सोही अनुसार गर्नुहुन निर्णयानुसार अनुरोध छ। साथै उक्त पत्रको छाया प्रति यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

०८२।०६।२४
(अपिल पन्त)
शाखा अधिकृत

**बोधार्थ**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबारः- *तहाँको च.नं.५४६ मिति २०८२/०६/२१ को पत्रको सन्दर्भमा ।*
श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय,
सूचना प्रविधि शाखाः- मन्त्रालयको **Website** मा **Upload** गरिदिनुहुन ।

CamScanner

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

पत्र संख्या : २०८२/८३

चलानी नं : ४४६

मिति: २०८२/०६/२१

श्री मन्त्रालय/आयोग/सचिवालय/निकाय (सबै),

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सात वटै),

विषयः ताकेता सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयबाट विभिन्न मितिमा भएको निर्णय अनुसार स्थानीय तहमा कामकाज गर्न खटाइएका प्रमुख प्रशासकीय अधिकृतहरु मध्ये केही कर्मचारीहरु हालसम्म पनि खटाइएको स्थानीय तहमा हाजिर हुन नगएका कारण स्थानीय तहको नियमित कामकारवाहीमा असर परेको भनी विभिन्न स्थानीय तहबाट गुनासो प्राप्त हुन आएकोले तहाँ मन्त्रालय/आयोग/सचिवालय/निकाय अन्तर्गत कार्यरत रही यस मन्त्रालयको निर्णयबाट प्रमुख प्रशासकीय अधिकृतको पदमा कामकाज गर्न खटाइएका कर्मचारीहरुलाई निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० मा उल्लेख भएको प्रावधान बमोजिम यथाशिघ्र रमाना दिई पठाउनु हुन भनी मन्त्रालयको च.नं. ४५१, मिति २०८२/०५/३१ गतेको पत्रबाट पत्राचार गरिएकोमा अझै पनि केही स्थानीय तहमा खटाइएका प्रमुख प्रशासकीय अधिकृत हाजिर हुन नआएकोले स्थानीय तहको नियमित काम कारवाहीमा असर पर्नुका साथै प्राकृतिक विपत्तिका कारण सृजित अवस्थाको व्यवस्थापन गर्न समेत कठिनाई भएको भनी विभिन्न स्थानीय तहबाट गुनासो प्राप्त हुन आएकोले तहाँ मन्त्रालय/आयोग/सचिवालय/कार्यालय वा अन्तर्गतका निकायहरुबाट सरुवा भएका/कामकाजमा खटाइएका कर्मचारीहरुलाई पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र रमाना दिई पठाउने व्यवस्था हुन मन्त्रालयको मिति २०८२/०६/२१ गतेको निर्णय अनुसार पुनः अनुरोध छ ।

(श्रविन्द्र कार्की)

शाखा अधिकृत